REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs Date: 26.06.2024

---

*New Lok sabha Speaker*

भारतीय जनता पार्टीका सांसद श्री ओम बिरलालाई आज हतनिमतले लोकसभाका अध्यक्ष चयन गरियो।

विपक्षले यस पदका लागि काँग्रेस सांसद श्री के सुरेशलाई आफ्नो उम्मेदवार बनाएको थियो तर सदनमा त विभाजनको मांग गरेन।

चुनाउपछि प्रधानमन्त्री श्री नरेन्द्र मोदी, विपक्षका नेता श्री राहुल गान्धी र संसदीय मामिला मन्त्री की किरेन रिजिजूले श्री बिरलालाई अध्यक्षको आसनसम्म पुऱ्याउनुभयो।

श्री बिरला पछिल्लो लोकसभामा पनि अध्यक्ष हुनुहुन्थ्यो।

आफ्नो सम्वोधनमा श्री ओम बिरलाले दोस्रो पल्ट सदनका अध्यक्षको रूपमा काम गर्ने अवसर दिएको उहाँमाथि विश्वास गरेकोमा सदनका सबै सदस्यहरूलाई धन्यवाद दिनुभयो।

श्री बिरलाले भन्नुभयो संसदीय मूल्य र लोकतान्त्रिक परम्परालाई समृध्द बनाउनु उहाँको प्राथमिकता हुनेछ।

प्रधानमन्त्रीले श्री बिरलालाई बधाई दिनुभयो र भन्नुभयो श्री बिरला दोस्रोपल्ट निर्वाचित हुनुभएकाले आज इतिहास रचिएको छ। श्री मोदीले भन्नुभयो सदनले अघिल्लो पाँचवर्ष उहाँको मागदर्शनमा काम गर्नेछ।

विपक्षका नेता श्री राहुल गान्धीले श्री बिरलालाई बधाई दिँदै भन्नुभयो यस सदनले मानिसहरूका आकांक्षाको प्रतिनिधित्व गर्छ।

श्री गान्धीले सदनको सुचारू सञ्चालनमा विपक्षको सहयोगका आश्वासन दिनुभयो।

अन्य सदस्यहरूले पनि आ आफ्नो विचार व्यक्त गरे।

---

*CM Congratulated New Ls Speaker*

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले पनि राज्यवासीहरूको तर्फवाट श्री ओम बिरलालाई दोस्रो अवधिका लागि लोकसभाका अध्यक्ष निर्वाचित हुनुभएकोमा बधाई दिनुभएको छ।

श्री बिरलाको गतिशील नेतृत्व र प्रजातान्त्रिक मूल्य कायम राखने प्रतिवध्दताको प्रशंसा गर्दै श्री तामाङले भन्नुभएको छ लोकसभा अध्यक्षको रूपमा पुन निर्वाचन उहाँको योग्यता र क्षमतामाथि लोसभा सदस्यहरूको भरोसा र विश्वासको प्रमाण हो।

---

*CM Returned*

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ नयाँ दिल्लीको भ्रमणपछि आज फर्किनुभएको छ।

उहाँ केन्द्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारमनको विभिन्न राज्यका मुख्यमन्त्रीहरू र वरिस्ट अधिकारीहरूसित बसेको बजट पूर्व बैठकमा उपस्थित रहनुभयो।

भ्रमणावधिमा श्री तामाङले प्रधानमन्त्री श्री नरेन्द्र मोदीसित भेट गरी लगातार तेस्रो पल्टको चुनावी विजयका लागि बधाई दिनका साथै उहाँले राज्यसित सम्वन्धित विभिन्न मामिलाहरूवारे विचारविमर्श गर्नुभयो।

मुख्यमन्त्रीले विभिन्न केन्द्रीय मन्त्रीहरूलाई पनि भेटेर उहाँहरूको नियुक्तिका लागि बधाई दिनुभयो।

---

## *Accident*

मानेबुङ देन्ताम समस्टिको कर्मटार गिताङमा आज एउटा निजी वाहन दुर्घटनाग्रस्त हुँदा मिलिङ पाठशालाका एकजना व्यक्तिले ज्यान गुमाए र पाँचजना घाइते भएका छन्।

मृतक मिलिङ सरकारी पाठशालामा शिक्षकको रूपमा कार्यरत थिए।

पाठशालाका शिक्षकहरू र विद्यार्थिलाई लिएर गइरहेको वाहन फेरेक खोलामा झर्दा यस्तो घटना भएको बताइन्छ।

घाइतेहरूलाई तत्कालै उपचारका लागि गेजिङ अस्पताल लगियो।

---

## *International Day Against Drug Abuse*

आज नशालु पदार्थको दुरूपयोग तथा अवैध तस्करी विरूध अन्तर्रास्ट्रिय दिवस हो।

यसलाई विश्व औषधि दिवसको रूपमा पनि जानिन्छ।

यो वर्ष यसको विषय छ प्रमाणले स्वस्ट छ – रोथथाममा निवेश आवश्यक छ।

संयुक्त रास्ट्र समासभाले सात दिसम्वर उन्नाइस सय सतासी सालमा अप्नाएको एउटा प्रस्तावमा नशालु औषधिहरूको दुरूपयोग र अवैध तस्करी विरूध्द आफ्नो दृढ़ संकल्प व्यक्त गर्दै प्रत्येक वर्ष छब्बीस जूनलाई अन्तर्रास्ट्रिय दिवसको रूपमा मनाउने निर्णय लिएको थियो।

यसको उद्देश्य नशालु औशधिहरूको खतरावारे समाजमा जागरूकता बढ़ाउनु हो।

यता राज्यमा पनि यो दिवस पालन गरियो।

समाज कल्याण विभागद्वारा गान्तोकमा आयोजित समारोहमा मन्त्री श्री साम्डुप लेप्चा मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

आफ्नो वक्तव्यमा उहाँले राज्यमा नशालु पर्दाथ सेवनका प्रतिकूल असरलाई निर्मूल पार्नमा समाज कल्याण विभागको महत्ववारे प्रकाश पार्नुभयो।

मन्त्रीले भन्नुभयो यस्तो पदार्थको सेवन गर्ने वयक्तिहरूलाई रोथथाममा सहयोग परिवार तथा अभिभावकहरूको भूमिका पनि महत्वपूर्ण छ।

कार्यक्रममा विभागद्वारा यस दिशातर्फ गरिएका पहल तथा कार्यक्रमहरूवारे जानकारी दिनका साथै नशालु पदार्थको लतमा परेका व्यक्तिहरू र आठदेखि दस वर्षसम्मका नानीहरूलआई लक्ष्यमा राखेर सचेतना कार्यक्रम आयोजन गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिइयो।

टाशीलीङ सचिवालयमा आयोजन गरेको समारोहमा गृह विभागकी सचिव सुश्री टाशी छो छो ले नशामुक्त भारतको लक्ष्यसँगै नशालुपदार्थ मुक्त विशवका लागि कार्य गर्नुपर्ने शपथ ग्रहण गराउनुभयो।

छ वटै जिल्ला मुख्यालय र अन्य स्थानका पनि आज यो दिवस मनाउँदै स्थानमा पनि आज यो दिवस मनाउँदै नशामुक्त समाजको पक्षको शपथ ग्रहम गराइयो।

---

*New Criminal Laws*

तीनवटा नयाँ आपराधिक कानून भारतीय न्याय संहिता 2023, भारतीय नागरिक सुरक्षा संहिता 2023 र भारतीय साक्ष्य अधिनियम 2023 आउँदो महीना पहिलो तारीकेदेखि प्रभावी हुनेछ।

यी विधेयकहरूली गत वर्षको शीतकालीन सत्रमा संसदले पारित गरेको थियो।

बताइन्छ नयाँ आपराधिक कानून भारतीय नागरिकहरूलाई सशक्त बनाउने दिशामा एउटा महत्वपूर्ण पाइला हो। यी कानूनहरूको उद्देश्य प्रत्येक नागरिकका लागि अधिक सुलब, सहायक र कुशल न्याय प्रणाली सृजित गर्नु हो।

---